# महिला स्वास्थ्य स्वयम सेवि का सम्बन्धी कार्यविधी, २०७५

प्रमाणिकरण मिति : २०७५/११/१२

## चन्द्रकोट गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय,

शान्तिपुर, गुल्मी,५ न. प्रदेश, नेपाल

# <u>महिला स्वास्थ्य स्वयम सेविका सम्बन्धी कार्यविधि, २०७५</u>

यस गाउँपालिकाको महिला स्वास्थ्य स्वयम सेविका कार्यक्रमलाई ब्यबस्थित एवम प्रभावकारी रुपमा संचालन गर्न चन्द्रकोट गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> :

१.१. यो कार्यविधिको नाम " महिला स्वास्थ्य स्वयम सेविका सम्बन्धी कार्यविधि, २०७५ " रहेको छ।

१.२ यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

<u>२. परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

२.१. " गाउँपालिका " भन्नाले चन्द्रकोट गाउँपालिका सम्झनु पर्दछ।

२.२. " शाखा " भन्नाले चन्द्रकोट गाउँपालिकाको स्वास्थ्य शाखा सम्झनु पर्दछ।

२.३. " ब्यबस्थापन समिति " भन्नाले स्वास्थ्य संस्थाको ब्यबस्थापन समितिलाई सम्झनु पर्दछ।

२.४ . "कार्यविधि" भन्नाले समुदायमा आधारित सुक्ष्म स्वास्थ्य सेवा कार्यक्रम संचालन कार्यविधि, २०७५ सम्झनु पर्दछ।

२.५ " स्वास्थ्य संस्था " भन्नाले सरकारी स्तरबाट संचालित स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईलाई सम्झनु पर्दछ।

२.६ " कार्यक्रम " भन्नाले स्वास्थ्य कार्यक्रमलाई सम्झनु पर्दछ।

२.७ " महिला स्वास्थ्य स्वयम सेविका " भन्नाले समुदायमा स्वास्थ्य सम्बन्धी स्वयम सेवकको रुपमा कार्य गर्ने स्वयम सेविका सम्झनु पर्दछ।

<u>३. कार्यविधिका उदेश्य</u> :

३.१ महिला स्वास्थ्य स्वयम सेविका परिचालन तथा ब्यबस्थापनमा सहयोग पुराउने।

३.२ स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न सहयोग पुराउने।

३.३ समुदाय स्तरमा स्वास्थ्य सम्बन्धी चेतनामा अभिवृद्धि गरी ब्यबहारमा सकारात्मक परिवर्तन गर्न मद्दत पुराउने।

<u>४. कार्यक्रम संचालन विधिहरु</u> :

४.१ महिला स्वास्थ्य स्वयम सेविका स्वयम सेवकको रुपमा कार्य गर्न सम्बन्धित साविक वडाको स्वास्थ्य आमा समुहको बैठकको निर्णय र स्वास्थ्य संस्था ब्यबस्थापन समितिको सहकार्यमा स्वयम सेवक छनोट गर्नुपर्नेछ।

४.२ नयाँ महिला स्वास्थ्य स्वयम सेविकाको हकमा न्यूनतम योग्यता १० कक्षा पास हुनुपर्नेछ।

४.३ महिला स्वास्थ्य स्वयम सेविकाको कार्यक्षेत्र सम्बन्धित साबिक वडाको स्थायी बसोबास भई सोही वडामानै कार्य गर्नुपर्नेछ।

४.३ महिला स्वास्थ्य स्वयम सेविकाको कुनै दोहोरो जिम्बेवारी रहेमा स्वत स्वयम सेवक देखि पदमुक्त हुनेछ।

४.४ महिला स्वास्थ्य स्वयम सेविकाको कार्य सन्तोषजनक नभएको अवस्थामा स्वास्थ्य संस्था  ब्यबस्थापन समितिले हटाउन सक्नेछ।

४.५ महिला स्वास्थ्य स्वयम सेविकालाई ५० बर्ष उमेर पुगेपछि सम्मानजनक विदाई गरिनेछ।

४.६ महिला स्वास्थ्य स्वयम सेविका स्वास्थ्य संस्थाको मासिक छलफलमा तीन पटक लगातार अनुपस्थित भएमा स्वत पदमुक्त हुनेछ।

४.६ महिला स्वास्थ्य स्वयम सेविकालाई गाउँपालिका देखि मासिक बैठकको लागि  यातायात र खाजा खर्च वापत रु ५००/- प्रदान गरिनेछ।

**५. संसोधन** : यो कार्यविधी गाउँकार्यपालिकाको बैठकले आवाश्यक अनुसार संसोधन गर्न सकिनेछ।

अनुसुची १

महिला स्वास्थ्य स्वयम सेविकाको लागि भरपाई

कार्यकम संचालन स्थान :

मिति :

| क्र. स. | नाम/पद | ठेगाना | सम्पर्क न. | यातायात खर्च | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | जम्मा | | | | | |

पेश गर्ने :

प्रमाणित गर्ने :